# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल


प. सं.: २०७६/०७७
च. नं.: १०३८

मितिः २०७६/११/१८

## प्रेस विज्ञप्ति

**सुनिलस्मृति गाउँपालिका गाउँकार्यपालिकाको यहि मिति २०७६ फाल्गुन १८ गते आइतबारका दिन गाउँपालिका अध्यक्ष श्री गुणेन्द्र घर्तीको अध्यक्षतामा बसेको बैठकका महत्वपूर्ण निर्णयहरु ।**

१. आ.व. २०७६/०७७ को नवौं कार्यपालिका बैठक मिति २०७६/११/२१ गते र सातौं गाउँसभा मिति २०७६/११/२८ गते दिनको ११ बजे बस्ने निर्णय गरियो ।
२. गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुको नामाकरणका लागि प्रस्तावहरु आवश्यक तयारी गरी स्वीकृतिको लागि गाउँसभा बैठकमा पेश गर्न वडा समितिको बैठकबाट समेत निर्णय गराई आगामी फाल्गुन २१ गते बस्ने कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।
३. गाउँपालिकाको लागि आवश्यक विभिन्न ऐन, कार्यविधिहरुलाई तयार गर्न आवश्यक देखिएकोले आवश्यता पहिचान गरि कार्यविधिहरु आगामि कार्यपालिका बैठकमा र ऐनहरु सातौं गाउँसभाबाट पारित गरि लागु गर्ने निर्णय गरियो ।
४. चालु आ.व.को लागि छैठौं गाउँसभाबाट पारित भई गाउँपालिका तथा वडाहरुबाट सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुको नाम संशोधन गर्न आवश्यक भएमा आवश्यकता पहिचान गरि वडा समिति बैठकबाट निर्णय गराइ आगामी फाल्गुन २१ गते बस्ने कार्यपालिका बैठकमा छलफल गरि स्वीकृतीको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

(नमराज थापा)
प्रवक्ता
सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा